# धरान उपमहानगरपालिका, नगर पालिकाको कार्यालय

## प्रदेश-१ धरान, सुनसरी

### तेश्रो बोर्ड बैठकको निर्णयहरु

उपस्थितिः-

| क्र.स. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री तारा सुब्बा | नगर प्रमुख | ध.उ.म.न.पा. | उपस्थित |
| २ | श्री मञ्जु भण्डारी ( सुवेदी ) | नगर उप प्रमुख | ध.उ.म.न.पा. | उपस्थित |
| ३ | श्री रोशन अधिकारी | अध्यक्ष | धरान-१ | उपस्थित |
| ४ | श्री माधव गोविन्द श्रेष्ठ | अध्यक्ष | धरान-२ | उपस्थित |
| ५ | श्री आशा कुमार श्रेष्ठ | अध्यक्ष | धरान-३ | उपस्थित |
| ६ | श्री मान बहादुर राई | अध्यक्ष | धरान-४ | उपस्थित |
| ७ | श्री सन्तोष लिम्बु | अध्यक्ष | धरान-५ | उपस्थित |
| ८ | श्री भुवान सिं बस्नेत | अध्यक्ष | धरान-६ | उपस्थित |
| ९ | श्री भुपेन्द्रराज मोक्तान | अध्यक्ष | धरान-७ | उपस्थित |
| १० | श्री रुद्र बहादुर लिम्बु | अध्यक्ष | धरान-८ | उपस्थित |
| ११ | श्री रत्न बहादुर कटुवाल | अध्यक्ष | धरान-९ | उपस्थित |
| १२ | श्री श्रीप्रसाद लिम्बु | अध्यक्ष | धरान-१० | उपस्थित |
| १३ | श्री बाबुलाल लामा | अध्यक्ष | धरान-११ | अनुपस्थित |
| १४ | श्री टंक बहादुर राई | अध्यक्ष | धरान-१२ | उपस्थित |
| १५ | श्री नेत्र प्रसाद काफ्ले | अध्यक्ष | धरान-१३ | उपस्थित |
| १६ | श्री कृष्ण प्रसाद भट्टराई | अध्यक्ष | धरान-१४ | उपस्थित |
| १७ | श्री नरेश कुमार इवारम | अध्यक्ष | धरान-१५ | उपस्थित |
| १८ | श्री दिल कुमार गिरी | अध्यक्ष | धरान-१६ | अनुपस्थित |
| १९ | श्री सूर्य बहादुर भट्टराई | अध्यक्ष | धरान-१७ | उपस्थित |
| २० | श्री नरेन्द्र कुमार राई | अध्यक्ष | धरान-१८ | उपस्थित |
| २१ | श्री पूर्ण बहादुर लिम्बु | अध्यक्ष | धरान-१९ | उपस्थित |
| २२ | श्री मणि कुमार राई | अध्यक्ष | धरान-२० | उपस्थित |
| २३ | श्री सुवास राई | नगर कार्यपालिका सदस्य | धरान-१७ | उपस्थित |
| २४ | श्री कैलाश अग्रवाल | नगर कार्यपालिका सदस्य | धरान-२ | उपस्थित |
| २५ | श्री किशोर परियार | नगर कार्यपालिका सदस्य | धरान-१२ | उपस्थित |
| २६ | श्री गिता पाखिन | नगर कार्यपालिका सदस्य | धरान-७ | उपस्थित |

| | | | | |
|---|---|---|---|---|
| २७ | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | उपस्थित |
| २८ | श्री कल्पना थापा | नगर कार्यपालिका सदस्य | धरान-११ | उपस्थित |
| २९ | श्री लिलामाया गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-८ | उपस्थित |
| ३० | श्री हिरादेवी राई | नगर कार्यपालिका सदस्य | धरान-१६ | उपस्थित |
| ३१ | श्री विष्णुप्रसाद कोईराला | कार्यकारी अधिकृत सचिव | ध.उ.म.न.पा. | उपस्थित |
| ३२ | श्री किरण राई | का.वा.वडाअध्यक्ष | | उपस्थित |
| ३३ | श्री दिपक प्रसाद आचार्य | का.वा.वडाअध्यक्ष | | उपस्थित |

आज मितिः२०७४/ श्रावण १७ गते दिउसो १.०० बजे धरान उपमहानगरपालिका नगरकार्यपालिकाको बैठक माथिको उपस्थितिमा नगर प्रमुख श्री तारा सुब्बा ज्यूको अध्यक्षतामा बसी तपसिलका विषयहरुमा छलफल गरियो।

**निर्णय नं.-१. सदस्य तोक्ने सम्बन्धमा।**

धरान उपमहानगरपालिका नगरकार्यपालिकाको राजस्व परामर्श समितिमा १ जना महिला सदस्य तोक्न बाकी रहेको हुदा उक्त समितिको सदस्यमा श्री गिता पाखिनलाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं.-२. सदस्य तोकिएको जानकारी सम्बन्धमा ।**

यस उपमहानगरपालिकाको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिमा सदस्यमा श्री विनिता बज्राचार्यलाई प्रमुखले तोक्नु भएको बैठकलाई जानकारी गराउनु भयो ।

**निर्णय नं.-३ नियमावली सम्बन्धमा।**

यस धरान उपमहानगरपालिका नगर कार्यपालिका (कार्यविभाजन) नियमावली २०७४ को मस्यौदा बैठकमा प्रस्तुत भई छलफल गरियो । बैठकमा पेश भएको नियमावली पारित गर्ने निर्णय गरियो ।पेश भएको नियमावली छुट्टै प्रमाणित गरि राखिनेछ ।

**निर्णय नं.-४. नियमावली सम्बन्धमा।**

यस धरान उपमहानगरपालिका नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको (कार्यविधी) नियमावली २०७४ बैठकमा प्रस्तुत भई छलफल गरियो ।बैठकमा पेश भएको नियमावली पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.-५. समितिहरु गठन गर्ने सम्बन्धमा।**

धरान उपमहानगरपालिका नगरकार्यपालिका (कार्य सम्पादन ) नियमावली २०७४ बमोजिम नगर कार्यपालिकामा निर्णयको लागि पेश भएको प्रस्तावमा निर्णय पूर्व आवश्यक्ता अनुसार राय,सल्लाह र सुझाव लिनका गठन गर्न सकिने तपसिल बमोजिमका समितिहरु गठन गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

(क) सार्वजानिक सेवा तथा क्षमता विकास समिति

संयोजक- श्री मणिराम राई

सदस्य –श्री श्रीप्रसाद सुब्बा

सदस्य-श्री हिरादेवी राई

सदस्य-श्री रुद्र बहादुर लिम्बु

(ख) आर्थिक विकास समिति

संयोजक - श्री कैलाश अग्रवाल

सदस्य - श्री भुपेन्द्रराज मोक्तान

सदस्य — श्री गिता पाखिन

सदस्य- श्री सन्तोष लिम्बु

(ग) सामाजिक विकास समिति

संयोजक - श्री नेत्र प्रसाद काफ्ले

सदस्य - श्री विनिता बज्राचार्य

सदस्य - श्री कृष्ण प्रसाद भट्टराई

सदस्य - श्री पूर्ण बहादुर लिम्ब्

सदस्य-श्री सुर्य बहादुर भट्टराई

(घ) पूर्वाधार विकास समिति

संयोजक — श्री नरेश ईवारम

सदस्य- श्री दिलकुमार गिरी

सदस्य — श्री नरेन्द्रकुमार राई

सदस्य — श्री मानबहादुर राई

सदस्य — श्री टंकबहादुर राई

(ङ) वातावरण तथा विपद व्यवस्थापन समिति

संयोजक- श्री माधव गोविन्द श्रेष्ठ

सदस्य — श्री रत्न बहादुर कट्वाल

सदस्य — श्री आशा कुमार श्रेष्ठ

सदस्य — श्री कल्पना थापा

(च) विधेयक समिति

संयोजक — श्री भुवनसिंह बस्नेत

सदस्य — श्री सुवास राई

सदस्य — श्री लिलामाया गुरुङ्ग

सदस्य — श्री किशोर परियार

सदस्य — श्री बाबुलाल लामा

**निर्णय नं.-६ प्रवक्ता तोक्ने सम्बन्धमा ।**

धरान उमहानगरपालिका नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली २०७४ नियम १७ बमोजिम प्रवक्ता तोक्ने सम्बन्धमा छलफल हुदा कार्यपालिका सदस्य श्री मणिराम राई लाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं.-७. नियमावली सम्बन्धमा।**

धरान उपमहानगरपालिका, नगरकार्यपालिका (कार्यसम्पादन) नियमावली २०७४ को मस्यौदा बैठकमा प्रस्तुत भई छलफल गरियो । प्रस्तुत गरिएको नियमावली पारित गर्ने निर्णय गरियो । पारित नियमावली प्रमाणित गरि छुट्टै राखिनेछ ।

**निर्णय नं.-८. आर्थिक ऐन सम्बन्धमा।**

धरान उपमहानगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यन्वयन गर्न मस्यौदाको रुपमा तयार गरि पेश भएको धरान उपमहानगरपालिकाको आर्थिक ऐन २०७४ बैठकमा प्रस्तुत भई छलफल गरियो । बैठकमा पेश गरिएको अनुसुची आर्थिक बाहेकको नियमावली पारित गरियो। पारित आर्थिक ऐन नियमावली छुट्टै प्रमाणित गरिराखिनेछ । अनुसुची सहित पछि नगर सभामा पेश गरिनेछ ।

**निर्णय नं.-९. विनियोजन ऐन सम्बन्धमा।**

धरान उपमहानगरपालिकाको आ.व. २०७४/०७५ को सेवा र कार्यहरुको लागि संचित कोषबाट केहि रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न मस्यौदाको रुपमा प्रस्तुत गरिएको धरान उपमहानगरपालिकाको विनियोजन ऐन २०७४ बैठकमा प्रस्तुत भई छलफल गरियो। प्रस्तुत ऐनको मस्यौदालाई अनुसुची बाहेक पारित गरियो र पारित विनयोजन ऐन छुट्टै प्रमाणित गरि राखिनेछ ।अनुसुची सहित नगर सभामा पेश गरिनेछ ।

**निर्णय नं.-१०. कार्यक्रम तथा बजेट तर्जुमा समिति गठन गर्ने सम्बन्धमा।**

धरान उपमहानगरपालिकाको आ.व. २०७४/०७५ को कार्यक्रम तथा बजेट तर्जुमा समिति गठन गर्ने सम्बन्धमा छलफल गर्दा तपसिल बमोजिम गठन गर्ने निर्णय गरियो ।

तपसिल

संयोजक-श्री कैलाश अग्रवाल

सदस्य — श्री नरेश ईवारम

सदस्य- श्री मणिराम राई

सदस्य-श्री टंक बहादुर राई

सदस्य- श्री सन्तोष लिम्बु

सदस्य-श्री सुवास राई

सदस्य-श्री सुर्य बहादुर भट्टराई

सदस्य —श्री हिरादेवी राई

सचिव —श्री भेषराज अधिकारी  बरिष्ठ लेखा अधिकृत

**निर्णय नं.-९. सहयोग सम्बन्धमा।**

धरान वडा नं ४ गैरीगाउ बस्ने विर बहादुर मगरको घर आगलागी भई क्षती भएकोले सम्बन्धित वडा समिति कार्यालयबाट सहयोगको लागि सिफारिस भई आएको तथा वडा नं  ६ पानवारीमा जंगली हात्तीले घर तथा अन्नबाली र उखु समेतमा क्षति पुर्याएको हुदा निजहरुलाई सहयोगको लागि अनुरोध भई आएको हुदा तपसिल बमोजिमको आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

१  आगलागी पिडित श्री विर बहादुर मगर धरान -४ रु ५०००/-

२.हात्ती पिडित श्री जंगरानी लावती धरान -६ रु ९०००/-

३.हात्ती पिडित श्री सनम मगर धरान-६ रु.१५००/-

४.हात्ती पिडित श्री ध्रुव कटुवाल धरान-६ रु.५०००/-

५.हात्ती पिडित श्री गोवर्धन सार्की धरान-६ रु.३०००/-

६.हात्ती पिडित श्री विभन भुजेल धरान-६ रु.१५००/-

७.हात्ती पिडित श्री अमृत विश्वकर्मा धरान-६ रु.५०००/-